प्रतिदिन १७ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१७ ।। अङ्क : २६८ ॥ २०८२ मंसिर १२ गते शुक्रबार (28th Nov 2025 Friday) Pratidin National Daily मूल्य-रु.५/-

# ३८ जना एमाले महाधिवेशन प्रतिनिधिका लागि १४८ जनाको उम्मेद्वारी

झापा(प्रस) । आसन्न नेकपा एमालेको ११ औ महाधिवेशनमा भाग लिन प्रतिनिधि छनौटका लागि झापाबाट १४८ जनाले उम्मेद्वारी दिएका छन् । ३८ जना महाधिवेशन प्रतिनिधिका लागि चार गुणा बढीले उम्मेद्वारी दिएका हुन् । खुल्लातर्फ ८३ , महिलातर्फ ३० , युवातर्फ २८ र दलिततर्फ ७ जना उम्मेद्वार बनेका हुन् । निर्वाचन क्षेत्रगत रुपमा हेर्दा क्षेत्र नं १ मा ६ जनाको लागि १३ , क्षेत्र नं २ मा ९ जनाका लागि ४८ , क्षेत्र नं ३ मा ६ जनाको लागि २५ , क्षेत्र नं ४ मा ७ जनाको लागि १६ , क्षेत्र नं ५ मा ८ जनाको लागि ३९ र दलित क्लस्टरमा २ जना महाधिवेशन प्रतिनिधिका लागि ७ जनाको उम्मेद्वारी परेको एमाले जिल्ला पार्टी कार्यालयका कार्यालय सचिव छविलाल विश्वकर्माले जानकारी दिएका छन् ।

**क्षेत्र नं १ मा दोब्बर उम्मेद्वारी**

झापा क्षेत्र नं १ मा १३ जनाको उम्मेद्वारी परेको छ । उनीहरुबाट ६ जना महाधिवेशन प्रतिनिधि छानिने छन् । खुल्लातर्फ हर्कबहादुर बस्नेत , लक्ष्मीकुमार राई , असारु राजवंशी , गोविन्द गिरी , खेमराज पोखरेल , जगन्नाथ भट्टराईले उम्मेद्वारी दिएका छन् । त्यस्तै महिलातर्फ दुर्गा डाँगी( रेनुका) , जानुकादेवी ओली र रमा भण्डारी ढकालको उम्मेद्वारी परेको छ । त्यस्तै युवातर्फ दिपक बराल , रघुनाथ धिमाल , मानबहादुर तामाङ र प्रितम काफ्ले उम्मेद्वार बनेका छन् ।

**सबैभन्दा बढी उम्मेदवार २ मा**

झापा क्षेत्र नं २ मा सवैभन्दा बढी ४८ जनाको उम्मेद्वारी परेको छ । खुल्ला , महिला र युवाको कोटाबाट गरी ९ जना महाधिवेशन प्रतिनिधि छानिनु पर्नेमा पाँच गुणा बढी उम्मेद्वारी परेको हो । उम्मेद्वारी दिनेहरुमा कोशी प्रदेश सरकारका मन्त्री एकराज कार्की, प्रदेश सांसदहरु चिन्तन पाठक, कमला थापा मगर, नगर प्रमुखहरु पवित्रादेवी महतारा , बलदेवसिंह गोम्देन , उपप्रमुख नगेन्द्र संग्रौला , एमाले जिल्ला अध्यक्ष प्रेमबहादुर गिरी , विभिन्न वडाका वडाध्यक्षहरु , वडा सदस्यहरुलगायत छन् । खुल्ला सदस्यबाट ६ जना छानिनु पर्नेमा ३४ जनाले उम्मेद्वारी दिएका छन् । खुल्लातर्फ उम्मेद्वारी दिनेहरुमा नगेन्द्रप्रसाद संग्रौला,सुरेन राजवंशी,भीमचन्द्र भट्टराई,इच्छाबहादुर मिजार,भिष्मराज खरेल,अफ्रोज खाँ पैठान,चिन्तन पाठक,कमल गुरागाई,बद्रीप्रसाद भट्टराई,देवराज कार्की,गणेशप्रसादपोखरेल,खगेन्द्रनेपाल,बृखप्रधान,प्रेमबहादुर गिरी,सुभास भट्टराई,नेत्रप्रसाद रिजाल,हरिप्रसाद ओझा,पुष्पकुमार प्रसाई, कृष्ण भट्टराई,प्रेमबहादुर कटुवाल,मोहम्मद इस्लाम अन्सारी,हडम मुर्मु सतार,राजकुमार ओली,रोमनीकुमार भट्टराई,एकराज कार्की,बलदेवसिंह गोम्देन तामाङ,हरिप्रसाद बास्कोटा, सञ्जिव सापकोटा,राहुलकुमार शर्मा,नेत्रप्रसाद पौडेल,खगेन्द्र इङ्नाम, विष्णुप्रसाद भट्टराई,उदयनारायण ढुंगाना र रमेश उप्रेती रहेका छन् । त्यस्तै महिलाबाट दुईजना महाधिवेशन प्रतिनिधि छानिनु पर्नेमा ६ जनाले




उम्मेद्वारी दिएका छन् । महिलातर्फ पवित्रादेवी महतारा प्रसाई,पवित्रा पाठक,सीता उप्रेती पाठक,सुनिता खरेल,कमला भण्डारी,कमला थापा मगरले उम्मेद्वारी दिएका हुन् । त्यस्तै युवाबाट एकजना महाधिवेशन प्रतिनिधि आवश्यक भएकोमा ८ जनाले उम्मेद्वारी दिएका छन् । युवातर्फ सुमन नेम्बाङ,अनिल वाग्ले,सागर घिमिरे,खगेन्द्रराज आङ्देम्बे (राज),विकास गिरी,दिवाकरलाल चौधरी,अनिता कन्दङ्वा र उमा पाण्डे (रोजिना)ले उम्मेद्वारी दिएका हुन् ।

**क्षेत्र नं ३ मा कडा प्रतिष्पर्धा**

झापा क्षेत्र नं ३ मा २५ जनाको उम्मेद्वारी परेको छ । ६ जना महाधिवेशन प्रतिनिधिका लागि चार गुणा बढीले उम्मेद्वारी दिएका हुन् ।

खुल्लातर्फ माधव विद्रोही भण्डारी,मोहनचन्द्र रेग्मी,छविलाल चुडाल,
बसन्त बानिया,त्रिलोचन सापकोटा,तोयानाथ पोखरेल,लक्ष्मण पाठक,सन्तलाल मेचे ,विरेन्द्रप्रसाद राजवंशी ,फणिन्द्रबहादुर कटुवाल,
कृष्ण विमली,तिलबहादुर राई र शिवकुमार राजभण्डारीले उम्मेद्वारी दिएका छन् भने महिलातर्फ कौशल्या दाहाल (अधिकारी),विन्दा अधिकारी निरौला,शान्तादेवी खरेल,कल्पना रेग्मी ,शान्तादेवी गौतमले उम्मेद्वारी दिएका छन् । त्यस्तै युवातर्फ हरि कृष्ण अधिकारी,हेडम्बराज निरौला,
दुर्गाबहादुर बन (बासु) ,सागर पोर्तेल,अग्नीप्रसाद सापकोटा ,द्रोणविक्रम कोइराला र नरेशप्रसाद चुडालको उम्मेदवारी परेको छ ।

**सबैभन्दा कम उम्मेद्वारी ४ मा**

झापा क्षेत्र नं ४ मा ७ जना महाधिवेशन प्रतिनिधिका लागि १६ जनाको उम्मेद्वारी परेको छ । खुल्लातर्फ कमलप्रसाद लामिछाने,हिराकुमार थापा ,राधाकृष्ण खनाल ,मेगाहाङ थोप्रा (रोषन) ,धनबहादुर थेवे ,लालप्रसाद साँवा लिम्बु (एलपी) ,रबिन्द्र लम्साल ,हिमबहादुर कार्की , तुलसी मैनाली र
भैरवकुमार श्रेष्ठको उम्मेदवारी पर्दा महिलातर्फ देवीमाया अधिकारी (कोइराला),कल्पना चम्लागाईं (कोपिला) ,गोमा रिजाल ,कृष्णमाया भुजेल उम्मेद्वार बनेका छन् । त्यस्तै युवातर्फ रोशन सुवेदी र प्रदीप गोले (फुर्वा) को उम्मेद्वारी परेको छ ।

**ओलीको क्षेत्रमा आकांक्षी धेरै**

एमाले अध्यक्ष केपी शर्मा ओलीको क्षेत्र ५ मा ८ जना महाधिवेशन प्रतिनिधिका लागि ३९ जनाको उम्मेद्वारी परेको छ । खुल्लातर्फ चक्रबहादुर गुरुङ ,तुलसी कार्की,होमबहादुर थापा, जीवन राई (हर्कबहादुर राई), राजकुमार थापा,वोधप्रसाद घिमिरे,अम्विकाप्रसाद खनाल,शिव ढुंगेल, गेहनाथ पौड्याल,राजेन्द्रकुमार सुवेदी,भिमराज लिम्बू केरुङ,अमर शिवाकोटी,छत्रपति सुवेदी, आनन्दकुमार लिम्बू ,मदनप्रसाद अधिकारी,दुर्गाप्रसाद गौतम,नगेन्द्र भण्डारी,उत्तम भट्टराई, बलराम गजुरेल ,चन्द्र सुब्बा ,पृथ्वीपति राईले उम्मेद्वारी दिएका हुन् । त्यस्तै महिलातर्फ , लिला ढुंगेल (दाहाल) ,दुर्गादेवी खनाल (काफ्ले),पार्वता ढकाल ,कल्पना अधिकारी ,तनुजा दुलाल ,भगिरथा उप्रेती,देवीमाया श्रेष्ठ,अम्विकादेवी अधिकारी ,नर्वदा उप्रेती गौतम, मुना सिग्देल ,लोकमाया ढुंगाना र निर्मला पाठकले उम्मेद्वारी दिएका छन् । त्यस्तै युवातर्फ युवराज पौड्याल (विवश),सुजन खरेल ,सुशिलकुमार राई,कमल पौडयाल ,कान्तिदीप काफ्ले र डेन्जोङ शेर्पाको उम्मेद्वारी परेको छ ।

**दलिततर्फ को हुन् दुईजना भाग्यमानी ?**

दलित क्लस्टरबाट ७ जनाको उम्मेद्वारी परेको छ । दुईजना महाधिवेशन प्रतिनिधिका लागि त्यति धेरैजनाको उम्मेद्वारी परेको हो । दलित क्लस्टरबाट छविलाल विश्वकर्मा , काशीराम विश्वकर्मा , कृष्ण कनाल , नीता घतानी , गोपाल विश्वकर्मा , टीकाराम बयलकोटी र भोला परियारले उम्मेद्वारी दिएका छन् । झापामा १८ हजार ३३४ जना संगठित सदस्य रहेका छन् ।

## झापामा मोटरसाइकल चोरी बढ्यो



झापा(प्रस) । झापामा मोटरसाइकल चोरी बढेको छ । प्रायः दिनहुँ मोटरसाइकल हराउन थालेको छ । आइतवार साँझ अन्दाजी ६;१५ बजे बिर्तामोड ४ ओमशान्ति टोल बस्ने राजन राजवंशीले आफ्नै घरअगाडी पार्किङ गरी राखेको कालो रंगको प्र.१-०१-०१५प१६८६ नम्बरको २२० सीसीको पल्सर मोटरसाइकल चोरी भएको छ । दुईजना अपरिचित ब्यक्तिहरुले मोटरसाइकलमा आई चोरी गरी लगेको मोटरसाइकल धनीले प्रहरीमा निवेदन दिएका छन् । त्यसको अघिल्लो राति दमकबाट एउटा मोटरसाइकल हराएको थियो । मंगलवार राति १० बजे दमक १० बस्ने अनिष बानियाँको नाममा दर्ता भएको प्रदेश १-०१-०१४प७९४८नम्बरको सेतो कालो रंगको मोटरसाइकल दमक ५मा पार्किङ गरी राखेको ठाउँबाट चोरी भएको हो । मोटरसाइकल धनीले हिजो इलाका प्रहरी कार्यालय दमकमा निबेदन दिएका छन् । त्यस्तै मंसिर ६गते अन्दाजी बिहान ९:५८ बजे दमक २ गुम्बा चोकमा प्र १-०१-०१३ प २६७३ न. को सुजुकी कम्पनीको १५०सीसीको खैरो रंगको मोटरसाइकल वेबारिसे अबस्थामा फेला परेको थियो । उक्त मोटरसाइकल इलाका प्रहरी कार्यालय दमकमा ल्याई राखिएको छ । सोही दिन दिउँसो अन्दाजी १:३५बजे बिर्तामोड २ आदर्शनगरस्थित सडकछेउमा पार्किङ गरी राखेको निलो रंगको मे १०प ६७०० नम्बरको होण्डा साइन मोटरसाइकल हराएको थियो । पछि दिउँसो ३.४० बजे हराएको भनिएको सुशिलकुमार बस्नेतको सो मोटरसाइकल १५०मिटर दक्षिणमा फेला परेको थियो ।

## झापामा लागूऔषधसहित तीनजना पक्राउ

झापा(प्रस) ।झापामा लागूऔषध ब्राउनसुगरसहित तीनजना पक्राउ परेका छन् ।
दमकमा दुईजना र बिर्तामोडमा एकजना पक्राउ परेका हुन् । आइतवार दिउँसो २:३० बजे दमक वडा नं. १ रवि स्टेन्ड छेउमा रहेको आरक्यु होटलमा कोठा बुक गरी बसेका दमक वडा नं. ७ स्थायी घर भई हाल दमक १ सिर्पाली चौक बस्ने २५ वर्षीय रामकुमार गौतम र मोरङ उर्लावारी वडा नं. ८ दुर्गापुरी बस्ने ३० वर्षीया ललिता धिमाल लागूऔषधसहित पक्राउ परेका हुन् । इलाका प्रहरी कार्यालय दमकबाट खटिएको टोलीले होटलको तेस्रो तलाको ४ नं. कोठा बुक गरी बसेका गौतम र धिमालको शरीर तथा उक्त कोठामा खानतलासी गर्दा प्लाष्टिकबाहेक ८ ग्राम ब्राउनसुगर र २८ हजार नगद फेला परेको थियो । उनीहरुलाई नियन्त्रणमा लिई इप्रका दमकमा ल्याइ थप अनुसन्धान भइरहेको छ ।

त्यस्तै आइतवार साँझ ६ बजे बिर्तामोड ३ सैनिकमोडमा प्रहरी चौकी बिर्ताबजारबाट खटिएको प्रहरी टोलीले सोही ठाउँ बस्ने ३५ वर्षीय प्रफुल्ल राजवंशीलाई ब्राउनसुगरसहित पक्राउ गरेको छ । शंका लागेर चेकजाँच गर्दा उनको साथबाट कालो प्लाष्टिकमा पोको पारेको प्लाष्टिकबाहेक ४ ग्राम ब्राउनसुगर फेला परेको थियो । उनलाई नियन्त्रणमा लिई इप्रका बिर्तामोडमा राखिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## ओलीलाई स्थानहद लगाए चुनाव हुँदैन : एमाले

झापा(प्रस) । नेकपा एमालेका नेताहरूले आफ्ना अध्यक्ष केपी ओलीलाई स्थानहद लगाए चुनाव हुन नसक्ने बताएका छन्।

देशकै पूर्व प्रधानमन्त्री तथा लोकप्रिय दलका नेता ओलीलाई स्थानहद तोक्न नहुने एमाले नेताहरूको माग छ।

छलफलमा एमालेका तर्फबाट महासचिव शंकर पोखरेल, उपमहासचिव प्रदीप ज्ञवाली, नेता महेश बर्तौला र सरकारका तर्फबाट सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेल सहभागी थिए।

प्रधानमन्त्री सुशीला कार्कीले बिहीबार नेकपा एमालेका नेताहरूलाई बालुवाटारमा बोलाएर निर्वाचनमा जान आग्रह गरेकी थिइन्।

प्रधानमन्त्री कार्कीले वार्ताका लागि आह्वान गर्नुको अर्थ एमालेसँग सम्बन्ध सुधार्न थालेको रूपमा एमाले नेताहरूले अर्थ्याएका छन्।

एमालेले संसद् पुनःस्थापनाका निम्ति अदालतदेखि सडक संघर्षमा पनि उत्रिरहेका वेला गरिएको यो छलफलले कुनै निचोड भने निकालेन।

एमाले नेता महेश बर्तौला भने, 'अध्यक्ष केपी ओलीको स्थानहद किन भन्ने प्रश्न उठायौँ। यसमा उहाँको कुनै जवाफ आएन। यति ठूलो जनमत भएको पार्टी अध्यक्षलाई स्थान हद गरेर निर्वाचन हुन सक्दैन।'

एमाले नेताहरूले सबैतिरबाट घेराबन्दी गरेर एमालेलाई एक्ला बनाउने प्रयास भएको भन्दै चिन्ता व्यक्त गरेका थिए। यद्यपि एमाले चुनावबाट भाग्ने दल नभएको उनीहरूको कथन छ।

## उद्योगका कामदार बस्ने घरमा आगलागी

झापा(प्रस) । झापाको बिर्तामोड वडा न.२ चैतुवारीस्थित दुर्गा स्टिल प्रा.लि. उद्योगका कामदारहरु बस्ने घरमा आगलागी भएको छ ।सोमवार साँझ ६;४० बजे सो उद्योगका कामदारहरु बस्ने २ तले पक्की घरको भुइँतलाको भान्सा कोठाबाट



ग्यास लिक भइ अचानक आगलागी भएको हो । आगलागीबाट भान्सा कोठा र भान्सा कोठासंगै टाँसिएको सुत्ने कोठा, कामदारहरुको नगद रु.१ लाख ५० हजार, लत्ताकपडा, मोबाइल-३ थान पूर्णरुपमा जल्दा छ लाख बराबरको क्षति भएको छ । उक्त आगो स्थानीय मानिसहरुको सहयोगमा साँझ ७;२० बजे पूर्णरुपमा नियन्त्रणमा आएको थियो ।

## ४ करोड ६७ लाखमा निर्मित तीनवटा बक्स कल्भर्ट सञ्चालनमा



झापा(प्रस) । झापाको हल्दीबारीमा ४ करोड ६७ लाख रुपैयाँ लागतमा निर्मित तीन वटै बक्स कल्भर्ट पुल सञ्चालनमा आएको छ। काठे पुल विस्थापित गर्ने अभियानअन्तर्गत हल्दीबारी गाउँपालिकाले तीन वटा बक्स कल्भर्ट पुलको ठेक्का लगाएको थियो। त्यसमध्ये भुसुडी र भुतेनी खोलामा गरी दुईवटा पुल सञ्चालनमा आएको हो ।

हल्दिबारी-३ स्थित भुसुडी खोलामा निर्मित बक्स कल्भर्ट पुलको बिहीबार एक कार्यक्रमका बीच उद्घाटन गरिएको छ। साबिक जलथल वडा नम्बर २ र ३ लाई जोड्ने लक्ष्मी मावि पूर्वस्थित भुसुडी खोलामा निर्मित पुलको गाउँपालिका अध्यक्ष रवीन्द्रप्रसाद लिङ्देन र उपाध्यक्ष लक्ष्मीदेवी मैनालीले संयुक्तरूपमा उद्घाटन गरेका हुन्। एक करोड ३० लाख लागतमा निर्मित २६.८० मिटर लम्बाइ र साढे ७ मिटर चौडाइ रहेको पुलले यस ठाउँका ५ सय घरपरिवार लाभान्वित हुने भएका छन्।


संघीय र प्रदेश सरकारको बजेट बिना गाउँपालिकाको वित्तीय समानीकरण बजेटबाट तीन वटा बक्स कल्भर्ट पुल एकमुस्ट ४ करोड ६७ लाख ५४ हजार ८ सय ८७ रुपैयाँमा ठेक्का लगाएको गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत मानबहादुर वन (महेन्द्र)ले जानकारी दिए। २०७९ साल मंसिर ७ गते सारा सृष्टि निर्माण सेवा प्रालिसँग ठेक्का सम्झौता गरी निर्माण गरिएको तीन वटै पुल सञ्चालनमा आएको उनले बताए।

लक्ष्मी मावि पूर्वस्थित भुसुडी खोला पुल नहुँदा यहाँ धेरै समस्या थियो। विद्यार्थीसँगै स्थानीयलाई बर्खा याममा हिडडुल गर्न निक्कै समस्या भोगिरहनु परेको कुरालाई ध्यानमा राख्दै गाउँपालिकाकै आन्तरिक पुल निर्माण गरिदिएको गाउँपालिका अध्यक्ष रवीन्द्रप्रसाद लिङ्देनले बताए। पुल निर्माणसँगै बाटोको अभाव देखिएकोले १६ फिटको बाटो निर्माणको प्रक्रिया पनि सुरु गरिहाल्ने उनको भनाइ छ।

गाउँपालिकाभरि रहेका एक सयभन्दा बढी काठे तथा बाँसे पुल विस्थापित गरिसकेको बताउँदै उनले भने, 'अहिले आवश्यकता अनुसार कालोपत्रे सडक निर्माण प्रक्रिया अघि बढाएका छौं।' कार्यक्रममा ३ नम्बर वडाध्यक्ष विष्णुप्रसाद ओली, नेपाली काँग्रेस गाउँ सभापति गङ्गाप्रसाद प्रसाईं, नेकपा एमाले गाउँपालिका अध्यक्ष त्रिलोचन सापकोटालगायतले मन्तव्य राखेका थिए।

## झापामा अवैध गाँजा खेती

झापा(प्रस) । झापामा अवैधरुपमा गाँजा खेती गर्ने गरेको पाइएको छ ।



दक्षिणी सिमावर्ती क्षेत्रमा लुकिछिपी ठूलो क्षेत्रफलमा गाँजा खेती गर्ने गरेको भेटिएको हो । बाह्रदशी गाउँपालिका -२ खाडी बस्तीमा गाँजा खेती गरिरहेको भेटिएपछि प्रहरीले नष्ट गरेको छ ।

आइतवार दिउँसो २.३० बजे खाडी बस्तीमा गाँजा खेती गरिरहेको सूचना प्राप्त भएपछि इलाका प्रहरी कार्यालय राजगढबाट प्रहरी नायव निरीक्षक दिवसकुमार कार्कीको कमाण्डमा ७ जनाको टोलि खटिएर गाँजाका २१२ बोट फडानी गरी नष्ट गरेको छ ।

# पर्यटकको आकर्षणसँगै कोशीमा बढ्दै होमस्टेको संख्या

• लक्ष्मी उप्रेती

मेचीनगर । पछिल्लो समय कोशी प्रदेशमा होमस्टे (घरबास) को संख्या वृद्धि हुँदै गएको छ । होमस्टे महासंघ नेपाल, कोशी प्रदेशका अनुसार एक वर्ष अघिसम्म कोशी प्रदेशमा एकसय पाँचवटा होमस्टे सञ्चालनमा थिए । तीन वर्ष अघिसम्म खासै पर्यटकहरुको आकर्षणमा पर्न नसकेका होमस्टेहरु विस्तारै पर्यटकहरुको रोजाइमा पर्न थालेका छन् ।

प्रदेशमा अहिले होमस्टेहरूको संख्या एक सय २२ पुगेको पर्यटन कार्यालय काँकरभिट्टाले जनाएको छ । नेपाल होमस्टे महासंघ नेपालका अनुसार नेपालमा करिव १५ सयको संख्यामा औपचारिक र अनौपचारिक रूपमा सञ्चालित होमस्टे रहेका छन् । तीन चौथाईभन्दा केही बढी अथवा ७६ दशमलव ४७ प्रतिशत होमस्टे परम्परागत वा रैथाने वा स्थानीय घरको संरचनालाई नै होमस्टेको रुपमा प्रयोग गरेको देखिन्छ । २३ दशमलव ५३ प्रतिशत होमस्टेका संरचना आधुनिक किसिमका रहेका छन् ।

नेपाल सरकारले २०६५ सालमा पर्यटन नीति ल्याएको थियो । वि .स.२०६७ मा होमस्टे सञ्चालन कार्यविधिको घोषणा गरेको थियो । यसपछि होमस्टे वा घरबासहरूलाई औपचारिक रूपमा दर्ता गर्ने, तिनीहरूमा एकरूपता ल्याउने र आचारसंहितामार्फत तिनलाई संयोजन गर्ने कार्य अघि बढेको कार्यालयले जनाएको छ । नेपालमा औपचारिकरुपमा होमस्टे होमस्टेको अवधारणा २०५३ सालबाट शुरुवात भएको देखिन्छ । स्याङ्जा जिल्लाको सिरुबारीमा बेलायती सेनाका सेवानिवृत्त क्याप्टेन स्वमान गुरुङले यसको शुरुवात गरेका थिए । ग्रामीण क्षेत्रको आर्थिक विकास, रोजगारी, ग्रामीण प्रतिभाको प्रस्फुटन गराउने उद्धेश्यबाट नेपाल सरकारले ग्रामीण क्षेत्रका नागरिकका लागि स्वरोजगारको अवसर सिर्जना गर्ने उद्धेश्यले होमस्टेलाई प्रवर्द्धन गर्ने विभिन्न नीति तथा कार्यक्रमबाट सम्बोधन गर्ने प्रयास गरेको होमस्टे महासंघ नेपाल, कोशी प्रदेशले जनाएको छ ।

होमस्टे महासंघ नेपाल, कोशी प्रदेशका अनुसार प्रदेशमा सञ्चालनमा रहेका होमस्टेका विवरणलाई भौगोलिक रुपमा हेर्दा एकै किसमका छैनन् । यस प्रदेशमा सामुदायिक तथा निजी रुपमा सञ्चालित होमस्टेहरुमध्ये सवैभन्दा बढी इलाम जिल्लामा ४३ वटा होमस्टे रहेका छन् । पछिल्लो समय इलाममा ग्रामीण पर्यटनको अवधारणा अनुरूप होमस्टे पर्यटनप्रति आकर्षण बढेको छ । सवैभन्दा कम संख्यामा मोरङ, ओखलढुङ्गा र सोलुखुम्बु जिल्लामा रहेको बताइएको छ । प्रदेशमा सामुदायिक होमस्टेको संख्या ४७ दशमलव ९० प्रतिशत र निजीको संख्या ५२ दशमलव १० प्रतिशत रहेको छ । सवैभन्दा बढी सामुदायिक होमस्टे संखुवासभा जिल्लामा १३ वटा र सवैभन्दा बढी निजी होमस्टेको संख्या इलाम जिल्लामा ३६ वटा रहेको एउटा अभिलेखले देखाएको छ । सामुदायिक होमस्टेमा पाँच घरधुरीदेखि ५० घरधुरीसम्म रहेका छन् ।

कोशी प्रदेशमा सञ्चालित कुल होमस्टेमध्ये ४३ वटा ३६ दशमलव १३ प्रतिशतमा सामुदायिक भवन रहेका छन् । जस्का कारण विभिन्न संघ संस्थाले साधारण सभा, वार्षिकोत्सव, बैठक, गोष्ठी, सेमिनार, छलफललगायतका काम गर्दा पनि होमस्टे रोज्ने गरेको होमस्टे महासंघ नेपाल, कोशी प्रदेशका महासचिव मञ्जिल देवानले बताए । पछिल्लो समय थुप्रै होमस्टेले आफूलाई प्रविधिमैत्री बनाएका छन् । धेरैमा इन्टरनेटको पहुँच पुगेको होमस्टे महासंघ नेपाल, कोशी प्रदेशले जनाएको छ । प्रदेशभरिका कुल होमस्टेमध्ये ५७ दशमलव १४ प्रतिशतले आफ्नो होमस्टेलाई प्रविधिसँग जोड्न सकेका छन् ।

बाकी ४२ दशमलव ८६ प्रतिशतले आफूलाई अझै पनि प्रविधिसँग जोड्न सकेका छैनन् । प्रविधिका कारण होमस्टेमा बस्ने विदेशीले अनलाइनमार्फत् सिधै समय मिलाउने गरेका छन् । पर्यटकका लागि सुविधा मात्र नभएर यहाँको पहिचान झल्कने गाउँघर, रहनसहन, र हरियालीले पनि आकर्षित बनाएको देख्न सकिन्छ । थुप्रै होमस्टेको पहुँच सडक सञ्जालसँग जोडिएका कारण सहजैरुपमा यातायातको सुविधा समेत छ ।

कोशी प्रदेशमा सञ्चालनमा रहेका कुल होमस्टेमध्ये अधिकाँशमा इन्टरनेटको पहुँच देखिए पनि इलाम, पाचथर र ताप्लेजुङ जिल्लामा सञ्चालित केहीमा इन्टरनेटको पहुँच रहेको देखिदैन । कोशी प्रदेशका अधिकाँश होमस्टेहरुमा पार्किङ्गको व्यवस्था रहेको देखिन्छ । यद्धपि पाचथर , ताप्लेजुङ र तेह्थुम जिल्लामा सञ्चालित केही होमस्टेमा पार्किङ्गको सुविधा छैन ।

होमस्टेमा आउने पाहुनाले त्यस ठाउँको स्थानीय वा रैथाने परिकारको स्वाद लिने, त्यहाँको स्थानीय लोककला, संस्कृति रीतिरिवाज, परम्परा धर्म, भेषभुषा, चाडपर्व आदिका बारेमा पनि थाहा पाउने अवसर प्राप्त हुने भएकाले पनि होमस्टेप्रति पछिल्लो समय पर्यटकको आकर्षण बढेको छ । नेपाल घुम्न आउने पर्यटकहरु होमस्टेप्रति आकर्षित बन्दै गएका, मौलिकपना झल्किने रहनसहन, संस्कृति र जीवनशैली बुझ्न कतिपय विदेशी पर्यटकहरु महिनौंसम्म पनि होमस्टेमा बस्ने गरेका कारण पनि प्रदेशमा होमस्टेको संख्या बृद्धि हुँदैं गएको होमस्टे महासंघ नेपाल, कोशी प्रदेश सञ्चालक समिति अध्यक्ष लीलादेवी भट्टराईले बताइन् । पर्यटकलाई खान र बस्न सहज हुने भएकाले पनि घुम्न आउने गरेको होमस्टे सञ्चालक बताउँछन् । महँगा होटेलमा भन्दा सस्तोमै स्तरीय सेवा पाइने भएकाले पनि यसप्रतिको आकर्षण बढ्दै गएको हो ।


ग्रामीण पर्यटनको मुख्य आधारको रुपमा रहेको होमस्टेलाई कोशी प्रदेश सरकारले पर्यटनको एक महत्वपूर्ण व्यवसायको रुपमा प्राथमिकता दिएको होमस्टे महासघ नेपालका अध्यक्ष प्रेमशंकर मर्दनिया थारुले बताए । घरबासमार्फत यहाँका अधिकांश महिला आयआर्जनसँग जोडिएका छन् । प्रदेशका प्रत्येक घरलाई सिँगारेर घरबासमा परिणत भएपछि महिलाहरूको जीवनशैलीमात्र होइन, गाउँको पहिचानसमेत फेरिएको नेपाल नेपाल एसोसिएसन अफ टुर्र एण्ड ट्राभल्स एजेन्ट्स (नाट्टा) कोशी प्रदेश समितिका निवर्तमान अध्यक्ष उदयकुमार श्रेष्ठले बताए । घरबास सञ्चालनमा सहज बनाउने उद्देश्यले आवश्यक पूर्वाधार पनि थपिँदै गएको र पाहुनालाई सञ्चालक समितिका सदस्यले पालैपालो गाउँ तथा वरपरका पर्यटकीय गन्तव्य घुमाउने, परम्परागत नाच देखाउने उनको भनाई छ ।

होमस्टेमा आन्तरिक तथा बाह्य पर्यटक आउने र पाहुना गाउँको रहनसहन, खाना र स्थानीय संस्कृतिबाट प्रभावित हुनपर्ने पर्यटन कार्यालय काँकरभिट्टाका अधिकृत निरोज कट्टेलको भनाई छ । अधिकांश पर्यटकहरु होमस्टेमा हप्ता दिनदेखि एक महिनाको समयसम्म बस्ने गरेका छन् । कोशी प्रदेश पर्यटन वर्ष २०८२ निर्देशक समिति सदस्य समेत रहेकी भट्टराईका अनुसार होमस्टेमा यहाँको कला, संस्कृति, भेषभुषा, खानपानमा रमाउन पाएकाले निकै आनन्दित भएको पर्यटकको अनुभूति छ ।

होमस्टे घरवास सञ्चालनसँगै अधिकाँशको जीवनशैलीमा परिवर्तन आएको छ । घरबासले परिवारसँगै बसेर आयआर्जनसँग जोडेका छन् । होमस्टे सञ्चालनपछि हाम्रो दैनिकीमात्र होइन, गाउँको पहिचान नै फेरिएको भट्टराईको भनाई छ । भट्टराईका अनुसार महिलाले आफैँले उत्पादन गरेका खाद्यवस्तुकै माध्यमबाट पर्यटकलाई आकर्षण गर्न सकिन्छ भन्ने सोचेकै थिएनन । खेतबारी र घरायसी काममा सीमित रहेका अधिकाँश अहिले ती कामसँगै पाहुनाको स्वागत गर्न व्यस्त छन् ।

## 'थर एउटै घर एउटै' सार्वजनिक

झापा,मंसिर ११ । गायक तारा पौडेल श्रेष्ठको 'थर एउटै घर एउटै' सार्वजनिक भएको छ । 'तारा पौडेल' युट्युब च्यानलमार्फत गीत सार्वजनिक भएको हो ।



गीतले जातीयता तथा एउटै घरको भावनालाई सरल र मार्मिक तरिकाले प्रस्तुत गरेको छ । गीतले थर, जात र पहिचानले मानिसलाई अलग अलग चिनाउने भए पनि भावना, माया र घरले सबैलाई एक ठाउँमा जोड्ने सन्देश दिन खोजेको छ । गीतमा कृष्ण लामिछानेको शब्द तथा नेत्र भण्डारीले सङ्गीत भरेका छन् । नेत्र भण्डारी र गायक स्वयम्को गीतमा आवाज रहेको छ ।

मुकेश नेपालीको निर्देशन र कोरियोग्राफीमा तयार भएको गीतमा लोमश शर्मा र नम्रता थापालगायतका कलाकारको अभिनय रहेको छ । गीतको छायाङ्कन बुद्ध थापा र सम्पादन नवीन घर्तीमगरले गरेका छन् ।

### कांग्रेस...

नयाँ नेतृत्व निर्वाचित हुने भएमा मात्रै विशेष महाधिवेशनको माग स्वतः निष्क्रिय हुनेछ ।'आगामी मंसिर मसान्तदेखि केन्द्रीय कार्यसमितिको चार वर्षको कार्यकाल सकिन्छ । त्यसअघि नै महाधिवेशन नभएमा कार्यकाल थप गर्नुपर्ने हुन्छ । विधानले एक वर्षको कार्यकाल थप्न सक्ने सुविधा दिए पनि जेनजी आन्दोलनपछिको नयाँ परिस्थितिमा म्याद थप्नेतिर महाधिवेशन सम्पन्न गराउनुपर्ने अडानमा महामन्त्रीहरू छन् । कांग्रेसमा जेनजी आन्दोलनलगत्तैदेखि महाधिवेशनको मुद्दा उठेको छ । तर, असोज २८ मा सुरु केन्द्रीय कार्यसमितिको बैठकबाटै औपचारिक रूपमा विवाद सुरु भयो । महामन्त्रीहरूको दबाबका बीच देउवाले असोज २८ गतेको पहिलो बैठकमै उपसभापति पूर्णबहादुर खड्कालाई कार्यवाहकको जिम्मेबारी दिए । त्यही बैठकबाट सक्रिय राजनीतिमा नफर्कने सन्देश पनि दिँदै विधानको समयभित्र महाधिवेशन गराउन निर्देशन दिए । त्यसको केही समयपछि उनी उपचारका लागि सिंगापुर गए । निर्वाचनअगाडि महाधिवेशन गर्ने कि नगर्ने भन्ने विवादमा केन्द्रीय कार्यसमितिमा महामन्त्री र संस्थापन पक्षबीच चर्को विवाद बढ्दै गयो ।

महाधिवेशनका लागि सर्वसम्मत प्रस्ताव लैजान महामन्त्री थापालाई अनुमति मिलेन । विवादका बीच उनले पुस १६-१९ को तालिका प्रस्तुत गरे । त्यसलाई असफल बनाउने उद्देश्यका साथ संस्थापन पक्षले सहमहामन्त्री महेन्द्र यादवमार्फत बैसाख २७-२९ को तलिका प्रस्तुत गऱ्यो । यो विवाद चिरेर अघि बढ्न कार्यबाहक सभापति खड्काको कसरतले काम गरेन ।

देउवा सिंगापुरबाट कात्तिक २८ फर्किए । त्यसको भोलिपल्टदेखि सक्रिय देउवाले दुई सातासम्म विवाद मिलाउन सकिरहेका छैनन् । बरु, गत आइतबार आफ्नै नाम र हस्ताक्षरसहित निर्वाचन आयोगमा दल दर्ता गरेपछि विवाद झन् बढेको छ ।

## सामाजिक सुरक्षा कोषले गऱ्यो १२६ अर्ब रकम लगानी

झापा,मंसिर ११ । सामाजिक सुरक्षा कोषले १ खर्ब २६ अर्ब रुपैयाँ लगानी गरेको छ । सामाजिक सुरक्षा कोषका कार्यकारी निर्देशक कविराज अधिकारीले कोषमा



योगदानकर्ताबाट जम्मा भएको ९५ अर्बसहित १२६ अर्ब रुपैयाँ सामाजिक सुरक्षा कोषले विभिन्न ठाउँमा लगानी गरेको जानकारी दिएका हुन् ।

आठौँ सामाजिक सुरक्षा कोष दिवसका अवसरमा बोल्दै उनले लगानी कार्यविधि बमोजिम मुद्दति खातादेखि विभिन्न ऋणपत्रमा लगानी गरेको बताए । कार्यकारी निर्देशक अधिकारीकाअनुसार ५८ अर्ब ८९ करोड बैंकको विभिन्न मुद्दतीमा लगानी भएको छ भने ३२ अर्ब १९ करोड ट्रेजरी बिलमा, २१ अर्ब ७६ करोड विकास ऋणपत्रमा, ४ अर्ब ५२ करोड डिबेञ्चरमा, १ अर्ब ९५ करोड म्याचुयल फण्डमा लगानी गरेको जानकारी दिए । त्यस्तै कोषले २० हजार योगदानकर्तालाई सापटी बापत ७ अर्ब ७९ करोड ८३ लाख रकम लगानी गरेको छ । योगदानकर्ता सापटि अन्तर्गत कोषले वार्षिक ५।२ प्रतिशत व्याजदरमा विशेष सापटी दिने गरेको छ भने ५.८६ प्रतिशत ब्याजदरमा घर तथा शैक्षिक सापटी दिने अधिकारीले बताए । कार्यकारी निर्देशक अधिकारीले भने- 'योगदानकर्ता सापटि अन्तर्गत कोषले वार्षिक ५।२ प्रतिशत व्याजदरमा विशेष सापटी दिने गरेको छ भने ५.८६ प्रतिशत ब्याजदरमा घर तथा शैक्षिक सापटी दिने गरेको छ । योग्य योगदानकर्तालाई सहुलियतपूर्ण सापटी लिन समेत आग्रह गर्दछु । बैंकिङ क्षेत्रमा अधिक तरलताका कारणले प्रभावकारी रुपमा लगानी गर्न सकिएको छैन । यो अल्पकालिन चुनौती हो । कोषको योजनाको प्रभावकारी कार्यान्वयन मार्फत वार्षिक १ खर्बसम्म संकलन गर्नसक्ने र त्यो रकमलाई राज्यको पूर्वाधार निर्माणमा लगाउन सकिने सम्भावना छ । वैदेशिक क्षेत्रको नियमितता गर्नु, अनौपचारिक क्षेत्रको सहयोगदानको सुनिश्चितता गर्दै आवद्धता गर्नु कोषको चुनौती हो ।'

अधिकारीकाअनुसार कोषमा श्रमिकहरुको आवद्धताका लागि ११४ ओटा पालिकासँग एमओयू गरिसकिएको बताए । केही पालिकाले योगदान रकम जम्मा गर्न थालिसकेको उनको भनाइ छ ।

## सुदूरपश्चिमको लगातार चौथो जित

झापा,मंसिर ११ । नेपाल प्रिमियर लिग (एनपीएल)को दोस्रो संस्करणको १३ औं खेलमा लुम्बिनी लायन्सलाई ७ विकेटले हराउँदै सुदूरपश्चिम रोयल्सले आफ्नो अपराजित यात्रा कायम राखेको छ। बिहीबार त्रिवि क्रिकेट स्टेडियममा भएको पहिलो खेलमा लुम्बिनीले दिएको १४४ रनको मध्यम लक्ष्य पछ्याएको सुदूरपश्चिमले १८.२ ओभरमा ३ विकेट गुमाउँदै १४५ रनसहित लक्ष्य पूरा गरेको हो।

यो जितसँगै सुदूरले प्लेअफ सम्भावना बलियो बनाएको छ। सुदूरपश्चिमको यो चौथो जित हो भने लुम्बिनीको यो तेस्रो हार हो।

सुदूरपश्चिमका लागि ओपनर विनोद भण्डारीले सर्वाधिक ६९ रनमा अविजित रहे। उनले ४९ बलमा ५ चौका र ४ छक्का प्रहार गरे।

सुदूरपश्चिमले पहिलो विकेटको रूपमा ओपनर जोश ब्राउनको विकेट गुमायो। उनले ७ बलमा २ चौकासहित ९ रनमा क्याच भए। दोस्रो विकेट वान डाउन आएका क्रिस लिनले १४ बलमा १ चौका र २ छक्कासहित १६ रन बनाउँदै क्याच भए।

तेस्रो विकेटको रूपमा आरिफ शेखको विकेट गयो। उनले ३७ बलमा ४ चौका र १ छक्कासहित ३९ रन बनाए। उनले तेस्रो विकेटको लागि आरिफ शेखसँग ९९ रनको साझेदारी गरे। हर्मित सिंह ७ रनमा अविजित रहे।

लुम्बिनी लायन्सका लागि अभिषेश गौतम, रुबिन ट्रम्पलमेन र तिलक राज भण्डारीले १-१ विकेट लिए। त्यसअघि, टस हारेर ब्याटिङको निम्तो पाएको लुम्बिनी १९.४ ओभरमा अलआउट हुँदै १४३ रन बनाएको थियो।

लुम्बिनी लायन्सका लागि कप्तान रोहित कुमार पौडेलले सर्वाधिक ३५ रन बनाए। उनले ३६ बलमा ३ चौकाप्रहार गरे। उनले दिलिप नाथसँग ५२ रनको साझेदारी गर्दै लुम्बिनीलाई १०० माथिको रनमा पुर्याए। १२.२ मा अभिनाश बोहोराको बलमा नरेन साउदले २९ बलमा २९ रन बनाएका रोहित पौडेलको क्याच छुटाए। त्यसपछि जीवनदान पाएका रोहितले त्यसपछिको २ ओभरपछि उनको विकेट गयो।

ओपनरद्वय डार्सी सर्ट र सुमित महर्जनले समान १८/१८ रन बनाए। दिलीप नाथले ३१ रन, गुल्बदिन नैबले ११ रन बनाए। त्यसपछिका कुनैपनि ब्याटरले दोहोरो अंकमा रन बनाउन सकेनन्। १०४ रनमा तेस्रो विकेट गुमाएको लुम्बिनीले ३९ रनमा अन्य विकेट गुमायो। सुदूरपश्चिम रोयल्सका लागि अभिनाश बोहोरा र हर्मित सिंहले ३-३ विकेट लिए। हेमन्त धामीले २ विकेट र स्कट केइगुलिनले १ विकेट लिए। सुदूरपश्चिम हालसम्म अपराजित रहेको छ। सुदूरले पहिलो खेलमा काठमान्डु गोर्खाजलाई २९ रनले हराएको थियो। दोस्रो खेलमा सुदूरले पोखरालाई १८रन र कर्णालीलाई ४५ रनले हराएको थियो।

लुम्बिनीले भने पहिलो खेलमा चितवन राइनोजलाई ६ विकेटले हराउँदै विजयी सुरुवात गरेको थियो। त्यसपछिको २ खेलमा भने लुम्बिनीले हार बेहोरेको थियो। कर्णाली याक्ससँग ९ विकेट र काठमान्डु गोर्खाजसँग २२ रनले पराजित भएको थियो।

### निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना

कोशी प्रदेश, मोरङ्ग जिल्ला,पथरी शनिश्चरे नगरपालिका वडा नं.-६मा बस्ने बौद्धमान कटुवालको नातीनी,बद्रीबहादुर कटुवालको छोरी,कल्पना कोइराला खत्रीको मिति वि.सं.२०८२र०७/१०गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय पथरीमा रहेको बचत खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतकको श्रीमान् योगेन्द्र कोइराला खत्रीले मिति वि.सं. २०८२/०८/११मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकमउपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाण सहित सम्बन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ को उपदफा२ बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्धारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.

### बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

### १५ दिने सूचना

सधियार पूर्वः सडक, पश्चिमः श्री सानुमाया मगर, उत्तरः श्री पदम कुमारी गिरी दक्षिणः श्री सुनिता चौलागाईको नाममा जारी गरिएको ।

साविक चारपाने गाविस वडा नं. ३ हाल बिर्तामोड नगरपालिका, वडा नं. २ बस्ने श्री दुर्गा देवी सिग्देलले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा २ | ३ | ७२१८, ७२१६ | ३३. ८६ ३२१.६७ | २०८२/ ०७ /१९ | २०८२/ ०७ /१९ | २०८२/ ०७/२७ |

### बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको

### १५ दिने सूचना

सधियार पूर्वः श्री सिता देवी बोहेरा, पश्चिमः श्री याम प्रसाद शर्मा, दक्षिणः श्री भिम प्रसाद सिटौला को नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ६ हाल बिर्तामोड नगरपालिका, वडा नं. ३ बस्ने श्री जुमकला गुरुङ्गले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा ३ | १७९०१ १८ | १८८५ | १६९.३१ | २०८२/ ०७ /१७ | २०८२/ ०७ /१८ | २०८२/ ०८ /०९ |


सडक दुर्घटनाबाट बचौं र बचाऔं ।

- सवारी साधन चलाउँदा सावधानी अपनाऔं,
- ट्राफिक नियम पालना गरौ.
- तीव्र गतिमा सवारी साधन नचलाऔं,
- मद्यपान तथा लागु पदार्थ सेवन गरेर सवारी साधन नचलाऔं,
- सवारी चालकले मद्यपान तथा लागु पदार्थ सेवन गरेको शंका लागेमा तत्काल प्रहरीलाई खवर गरौं,
- पैदल यात्रुले बाटो काट्दा जेब्राक्रस वा आकाशे पुलको प्रयोग गरौं,
- सवारी चालकले सिटबेल्ट, हेलमेट अनिवार्य प्रयोग गरौं,
- सवारी साधन नियमित मर्मतसम्भार गरौं,
- दुर्घटना भएमा तुरुन्त प्रहरी वा स्वास्थ्य संस्थामा सम्पर्क गरौं।
- सावधानी अपनाऔं, जीवनलाई सुरक्षित बनाऔं

नेपाल सरकार विज्ञापन बोर्ड


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# निर्वाचन गराऊ

आगामी फागुन २१ का लागि निर्वाचनको माहौल बन्दै गएको छ। नयाँ र पुराना सबै राजनीतिक दलहरु निर्वाचनमा भाग लिन तयार भएका छन् । फागुन २१ को निर्वाचनमा एमाले सहभागी हुन्छः ओली

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले अन्तरिम सरकारले घोषणा गरेको प्रतिनिधि सभा निर्वाचनमा एमाले सहभागी हुने बताएका छन् ।
सोमबार ओली निवास गुण्डुमा नेपाल रिपब्लिक मिडियासँग कुरा गर्दै ओलीले एमाले राष्ट्रिय सभा र प्रतिनिधि सभा निर्वाचनमा सहभागी हुने बताए ।

निर्वाचन प्रयोजनार्थ निर्वाचन आयोगले तोकेकै मितिमा एमालेले दल दर्ता गराउने पनि ओलीले बताए । जेन–जी आन्दोलनपछि चुनाव लक्षित धेरै दल खुलेको, पुराना राजनीतिक दल पनि निर्वाचनमा जान दल दर्ताको क्रममा रहँदा प्रतिनिधि सभा पुनर्स्थापनाको मागसहित निर्वाचनको विपक्षमा देखिएको एमाले निर्वाचनमा जाने तयारीलाई महत्वका साथ हेरिएको छ ।

ओलीले फागुन २१ लाई तय गरिएको निर्वाचन एमालेका कारण हुँदैन भन्ने अफवाह फैलाएको आरोप लगाउँदै निर्वाचन नभए त्यसको सम्पूर्ण दोष सरकारको हुने जिकिर गरे । उनले यो सरकार चुनाव गराउने गरी नै नआएको बताएका छन् । ओलीले निर्वाचनमा एमाले जाने भए पनि पार्टीको बटमलाइन प्रतिनिधिसभा पुनर्स्थापन नै रहेको दावी गरे । ओलीले जेन–जी आन्दोलन र जेन–जीले उठाएका माग सम्बोधन गर्न संविधान संशोधन आवश्यक रहेको र त्यसका लागि प्रतिनिधिसभा पुनर्स्थापना हुनै पर्ने बताए ।

देश ठूलो भड्खालोमा गइसकेको बताउँदै ओलीले निकासका लागि जेन–जी प्रतिनिधिसहितको सर्वपक्षीय सरकार आवश्यक रहेको दावी गरे ।

निर्वाचन अगावै संविधान संशोधन गरी प्रत्यक्ष कार्यकारी प्रमुखको निर्वाचन गराउन र संघीयता खारेज गर्न दबाब दिइरहेका केही 'जेन–जी'का कारण निर्वाचन बिथोलिने आशंका भइरहेको बेला 'जेन–जी मुभमेन्ट अलायन्स' का अभियन्ताहरूले आगामी फागुन २१ गते नै प्रतिनिधिसभाको निर्वाचन हुनुपर्ने धारणा राखेका छन्। त्यसकारण अब सरकार निर्वाचनको पूर्ण तयारीमा लाग्नु पर्ने हुन्छ । यदि चुनाव भएन भने सरकारकै कारणले चुनाव हुँदैन । त्यसकारण कुनै पनि कसर बाँकी नराखी सरकार निर्वाचनको तयारीमा लाग ।




# मोबाइल प्रेमको असर



• नरेन्द्रप्रसाद पन्त

आजकल बालबालिकाले धेरै समय मोबाइलमा बिताउने गरेको पाइन्छ । अभिभावकका लागि पनि बालबालिका भुलाउने गतिलो माध्यम बनेको छ, मोबाइल । आफू पनि मोबाइलमा व्यस्त हुने र बालबालिकालाई पनि मोबाइल खेल्न दिने धेरै अभिभावक धेरै छन् । यस्तो अभिभावकको बानीले गर्दा बालबालिकामा बिस्तारै मोबाइल खेलाउने एक प्रकारको लत नै बस्न थालेको छ । अनि अहिलेका यस्ता बानी परेका बालबालिका मोबाइलबिना केही पनि गर्न मान्दैनन् ।

धेरै मोबाइल चलाउँदा बालबालिकाको शारीरिक तथा मानसिक विकासदेखि धेरै कुरामा असर परिरहेको हुन्छ । यसबारे अभिभावकले ध्यान दिनु जरुरी छ । बालबालिकाले धेरै मात्रामा मोबाइल चलाउँदा बालबालिकाको वृद्धि विकासमा असर पर्ने गर्छ । मोबाइल चलाउनु पनि एक खालको लत हो । जसरी नशालु पदार्थ सेवन गर्दा शरीरमा विभिन्न खालको असर देखिन्छ, मोबाइल चलाउँदा पनि बालबालिकाको शरीरमा त्यस्तै असर देखिन्छ । सुरुमा मोबाइल चलाउँदा मस्तिष्कले केमिकल रिलिज गर्दा खुसी बनाउने खालको हर्मोन बनाइदिन्छ । जसले गर्दा सुरुवातको समयमा मोबाइल चलाउँदा खुसी हुन्छन्, बालबालिका तर लगातार मोबाइल चलाउँदा ब्रेन सुस्त हुँदै जान्छ । मोबाइल चलाउने लत लागेको बालबालिकामा विभिन्न नकारात्मक असर देखिन थाल्छन् ।

जति सानो उमेरमा मोबाइल चलायो त्यति धेरै असर भइरहेको पाइन्छ । निरन्तर मोबाइल हेरिरहँदा आँखाको दृष्टि गुम्न सक्ने, सानै उमेरमा चस्माको प्रयोग गर्नुपर्ने, राम्रोसँग हेर्न नसक्ने हुन सक्छ । आँखामा मात्रै होइन ब्रेनमा पनि असर पर्छ । बिस्तारै बालबालिकाको ब्रेनलाई सुस्त बनाइदिन्छ, जसले गर्दा बालबालिकाको अध्ययनमा समस्या देखिन्छ । यसरी धेरै मोबाइल हेर्ने बानी भएको बालबालिकामा डिप्रेसन पनि हुन सक्ने सम्भावना हुन्छ, बालबालिकाका आफ्ना सिर्जित गतिविधि न्यून हुन्छन्, जसका कारण दिमाग तेजिलो हुन पाउँदैन यस्ता थुप्रै समस्या देखा पर्छन् । धेरै मोबाइल प्रयोगले साना बालबालिकालाई मात्र होइन ठुला उमेर समूहका बालबालिकामा पनि समस्या देखिने गर्छ । मोबाइलले गर्दा एक्लै बस्ने, पारिवारिक सदस्यसँग कुरा नगर्ने, एकोहोरो सोचको हुने जस्ता समस्या लामो समयसम्म देखिन सक्छन् ।

बालबालिकाले सबै कुरा आफूले प्रत्यक्ष रूपमा गरेर अथवा आफूभन्दा ठुला व्यक्तिसँग सिक्दै जाने हो । बालबालिकाको उमेर भनेको शारीरिक, मानसिक र सामाजिक रूपमा पनि विकास हुनुपर्ने समय हो तर यस्तो महत्वपूर्ण समयमा बालबालिकाले मोबाइल हेर्ने हो भने धेरै कुरामा समस्या देखिन्छ । मोबाइल खेल्न दिएपछि बोल्न जरुरी हुँदैन, जसले गर्दा बालबालिकामा बोलीको विकास हुन पाउँदैन । हिँडाइमा समस्या हुन्छ । बालबालिकाको उमेर अनुसार विकास हुनुपर्ने हो त्यति भएको पाइँदैन । मोबाइल दिएका बालबालिका एकै ठाउँमा बसेर हेरिरहेका हुन्छन्, जुन कुराले गर्दा बालबालिका हिँड्नुपर्ने समयमा हिँड्न सक्दैनन् । एकै ठाउँमा बसेर मोबाइल हेरेर खाना खाँदा उमेर अनुसारको तौल बढी हुने अथवा कम हुने, मोटोपनको सिकार हुने, बालबालिका सामाजिक बन्न नसक्नु, समयमा खाना नखाइदिने हुँदा बालबालिका शारीरिक रूपमा दुब्लो हुने सम्भावना पनि हुन्छ । जुन गतिमा बालबालिकाको विकास हुनुपर्ने त्यो मोबाइल लतले एकदमै असर गर्छ ।

मोबाइलको प्रयोगका कारण बालबालिकाको आफ्नो सिर्जनशीलता नास भइरहेको पाइन्छ । बालबालिकालाई खुवाउन, भुलाउन, गृहकार्य गराउने निहुँमा बार्गेनिङ गरी मोबाइल प्रयोगले बालबालिकाको जीवन बर्बाद भइरहेको छ । सानो उमेरका बालबालिका मात्र होइन स्कुल तथा क्याम्पसमा अध्ययनरत किशोर किशोरीहरू पनि मोबाइलबिना बस्न नसक्ने र कक्षाकोठामा नै मोबाइलको प्रयोग गरिरहेका देख्न सकिन्छ । मोबाइलको प्रयोगमा नयाँ खोजमूलक कुराहरू पनि छन् तर राम्रो कामभन्दा अनावश्यक कुरा फेसबुक च्याट गर्ने, विभिन्न प्रकारका खेल खेल्ने, रातभरि अनलाइन खेल खेल्ने, नसुत्ने जस्ता दुरुपयोगसमेत भइरहेको पाइन्छ । मोबाइलको प्रयोगका कारणले बालबालिकाको भविष्य बर्बाद हुने भएको हुँदा समयमै यसको नियन्त्रणतर्फ ध्यान दिन आवश्यक रहेको पाइन्छ ।

विद्यालयमा अध्यापन गराएको विषयवस्तु विद्यार्थीले घरमा गएर दोहोऱ्याएर पढ्नु पर्छ । मोबाइल प्रयोगका कारण दोहोऱ्यार पढ्ने बानीमा कमी भइरहेको पाइन्छ । विद्यालयमा पढेको कुरा विद्यार्थीले कम्तीमा २४ घण्टाभित्र एक दुई पटक दोहोऱ्यार अध्ययन गर्दा सहजै रूपमा स्मरण हुन्छ । कक्षा कोठामा बस्दा त विद्यार्थीको ध्यान विषयवस्तुमा आकर्षण हुन्छ, सोधेको कुराको जवाफ दिन्छन् । केही बालबालिका विद्यालयमा मोबाइलको प्रयोग त गर्दैनन् तर विद्यालयबाट घर गइसकेपछि अभिभावकको मोबाइलमा ध्यान जाने गरेको कारण पढाएको कुरा बुझ्न सम्झन समस्या हुन सक्छ । मोबाइलको सही सदुपयोग गर्न गराउन सबैले ध्यान दिनुपर्ने आवश्यकता छ ।

विज्ञान र प्रविधिको विकाससँगै मोबाइल प्रयोगमा आउनु राम्रो विकासको कुरा हो तर पछिल्लो समय मोबाइलको सही प्रयोगभन्दा दुरुपयोग बढदै गएको छ । मोबाइलका कारण बालबालिकामा त झनै असर परेको छ । अहिलेका बालबालिका मोबाइलबिना केही गर्न नसक्ने हुँदा राम्रोभन्दा नराम्रा कुराहरू बढी सिकिरहेका छन् । मोबाइल प्रयोगका कारणले बालबालिका डिप्रेसनको सिकार हुन सक्ने, बालविवाह बढ्न सक्ने, सामाजिक सञ्जालबाट सबै कुरा हेर्न सकिने हुँदा बालबालिका हिंसात्मक गतिविधिमा संलग्न हुन सक्ने समस्या बढ्नुका साथै सानै उमेरमा विविध विकृति फैलिनुका साथै बालबालिकाका चौतर्फी विकासमा बाधा पर्न सक्छ । मोबाइलको सही प्रयोग गर्न सके फाइदै फाइदा छन् । त्यसैले मोबाइल कुन उमेर समूहसम्म चलाउन पाउने, सामाजिक सञ्जालमार्फत के के कुराहरू हेर्न पाउने, सामाजिक सञ्जालमा के के कुरा लेख्न पाउने वा नपाउने भन्ने विषयमा कानुनी संरचना बनाउन आवश्यक रहेको देखिन्छ । मोबाइल फोनको प्रयोगले बालबालिका मात्र नभई अन्य पुस्तामा पनि दिनानुदिन समस्या देखिने गरेको पाइन्छ ।

पछिल्लो समयमा मोबाइलको अत्यधिक प्रयोगले गर्दा बालबालिकामा नकारात्मक असर देखिन थालेपछि बालबालिकालाई मोबाइलबाट कसरी छुटकारा गर्न सकिन्छ भन्ने सवाल चासो र चिन्ताको विषय बनेको छ । अभिभावकले आफ्ना छोराछोरीलाई कुन उमेर समूहसम्म मोबाइलको प्रयोग गर्न दिने वा नदिने भन्ने विषयमा समयमै निर्णय गरी कार्यान्वयन गर्न नसके भविष्यमा पछुताउनुबाहेक अन्य विकल्प हुँदैन ।

# हसिनापछिको बंगलादेश: न्याय कि प्रतिशोध ?



इश्वरा शिवा

दक्षिण एसियाली राजनीति अहिले एउटा रोचक तर चिन्ताजनक मोडमा पुगेको छ । कुनै समय आफ्नै पिता-परिवारको सामूहिक हत्या देखेकी, देशको पुनर्निर्माणमा दशकौँ बिताएकी, बंगलादेशलाई आर्थिक उचाईमा पुर्याएकी एउटा महिला नेतालाई मृत्युदण्डको सजाय सुनाइएको छ । यस्तो अमानवीय राजनीतिक फैसला केवल एक देशको आन्तरिक विवाद मात्र होइन, समग्र क्षेत्रीय शक्ति-सन्तुलनको प्रश्न बनेर हामी सामु खडा भएको छ ।

शेख हसिना, जसको नाम केही वर्षअगाडिसम्म दक्षिण एसियामा स्थिरता, विकास र अल्पसंख्यक संरक्षणको पर्याय मानिन्थ्यो । अहिले आफ्नै देशमा "देशद्रोही"को संज्ञासहित फाँसीको सामना गर्दैछिन् । प्रश्न उठ्छ, यो न्याय हो कि राजनीतिक बदला ?

**एक महिला, एक इतिहास, एक सम्भावना**

बंगलादेश १८ करोड जनसंख्या भएको मुस्लिम बहुल मुलुक हो । यो तथ्य मात्रले पनि त्यहाँ महिलाको राजनीतिक उचाइ कति कठीन छ भन्ने संकेत दिन्छ । यद्यपि, हसिना त्यस कठिनाइको एउटा अपवाद मात्रै होइनन्, उनी प्रवृत्तिको उल्टो दिशामा हिँडेर बनेकी सशक्त नेताको प्रतीक हुन् ।

सन् १९७५ मा बंगलादेशका संस्थापक शेख मुजिबुर रहमान- हसिनाका पितासहित परिवारका प्रायः सदस्य मारिए । त्यो नरसंहारबाट जोगिएकी उनी र उनकी बहिनी विदेशमा थिए । उक्त नरसंहार पश्चात् उनी भारत आइन् । त्यसबखत इन्दिरा गान्धीले उनलाई दिएको शरण केवल मानवीय सहायता मात्र थिएन, दक्षिण एसियाको भविष्यमा एक सम्भावित शीर्ष नेतृत्वलाई सुरक्षित राख्ने कूटनीतिक संकेत पनि थियो । यसरी, जीवनको प्रारम्भिक पीडा, बिछोड, विस्थापन तथा राजनीतिक हत्या जस्ता घटनाले हसिनालाई केवल नेता होइन, टिकेपछि उठ्न जान्ने बलियो चरित्रका रूपमा स्थापित गर्न भूमिका खेले । त्यही भारत, जसलाई कहिलेकाहीँ बंगलादेशी कट्टर समूहहरूले "हिन्दूवादी प्रभाव" भन्दै आलोचना गर्ने गर्छन्, पछिल्लो समयमा आएर हसिनाका लागि पुन: एकपटक जीवनदायिनी बन्न पुग्यो ।

भारत–बंगलादेश सम्बन्धको मानवीय र रणनीतिक दोहोरो तानाबाना

हसिनाको भारतसँगको सम्बन्ध केवल इतिहासको दुर्भाग्यपूर्ण अध्यायले बनाएको सम्बन्ध मात्र रहेन । उनले आफू प्रधानमन्त्री भएको समयमा सो सम्बन्धलाई अझै मजबुत बनाइन् । अल्पसंख्यक हिन्दू र बौद्ध समुदायप्रति उनी संवेदनशील थिइन् । भारतसँगको सीमा समस्या, पानी बाँडफाँड, सुरक्षा सहकार्य जस्ता जटिल विषयमा सहमतिको वातावरण कायम गर्न उनी सक्षम थिइन् । साथै, उनले नरेन्द्र मोदीसँग बंगलादेशका प्रसिद्ध आँपहरू 'हरिभंगा' र 'आम्रपाली' पठाउँदै 'Mango Diplomacy' को अनौठो परम्परा पनि सञ्चालन गरेकी थिइन् ।

भारतसँग हसिनाको यस्तो सम्बन्ध सबैलाई मन पर्ने विषय थिएन । यही विषय उछालेर बंगलादेशभित्रका कट्टर इस्लामी समूहहरूले हसिनालाई "भारत निकट राजनीतिज्ञ" भन्दै बहिष्कार गर्न खोजे । सेनाभित्रका केही शक्तिशाली समूहले पनि आफ्नो राजनीतिक महत्त्वाकांक्षामा उनी बाधक भएको महसूस गर्न थाले । अन्ततः यही आन्तरिक-बाह्य शक्तिको संगमले उनको सत्ता ढल्यो ।
रणनीतिक बंगलादेश : जहाँ अमेरिकी सैन्य सपना र चिनियाँ प्रभाव ठोक्किन्छ
बंगालको खाडी अहिले विश्व शक्तिहरूका लागि अत्यन्तै संवेदनशील क्षेत्र हो । यही क्षेत्रमा अवस्थित सेन्ट मार्टिन्स द्वीप एउटा भू–रणनीतिक 'हटस्पट' बनेको छ । संसारका अति शक्तिशाली देशहरूमध्ये सबैभन्दा अगाडि रहेको अमेरिकाले सेन्ट मार्टिन्समा सैन्य आधार स्थापना गर्ने प्रस्ताव अगाडि सारेको थियो । यदि उक्त प्रस्ताव सम्भव भएको भए, अमेरिकले दक्षिण एसियामा आफ्नो रणनीतिक पन्जा फैलाउन सक्थ्यो । साथै, उसले चीनको बेल्ट एन्ड रोड इनिसिएटिभलाई नियन्त्रण गर्न सक्थ्यो । फलस्वरूप, भारतीय समुद्री सुरक्षामा प्रत्यक्ष प्रभाव पार्न सक्थ्यो ।

कुशल राजनीतिज्ञ हसिनाले अमेरिकाको रणनीतिक प्रस्ताव अस्वीकार गरिन् । उनी जान्दथिन्; सामरिक क्षेत्र विदेशीको हातमा पुगेपछि बंगलादेशको स्वाधीनता कागजी मात्र हुन्छ । फलस्वरूप, अमेरिकाको चित्त दुख्न पुग्यो । उता चीन तटस्थ भएजस्तो देखियो तर उसको चाख अलि ठूलो बन्यो भने भारत हसिनाको निर्णयबाट सन्तुलित रह्यो ।

यस्तो जटिल शक्ति–खेलबीच हसिनाले अपनाएको 'असन्तुलित–सन्तुलन' नीति धेरैलाई मन परेन । अन्ततः सत्ता परिवर्तनपछि अमेरिकी–पश्चिमी वृत्तमा नजिक देखिने 'युनुस' नेतृत्व अगाडि आयो । यसैबीच, तेस्रो कोणमा चीन-पाकिस्तानको रणनीतिक स्वार्थ पनि सक्रिय थियो । ठ्याक्कै यही घुमाउरो क्षणमा हसिनालाई मृत्युदण्ड सुनाइयो— यति ठूलो फैसला, यति ठूलो राजनीति, तर यति छिटो निष्कर्ष ?

**आर्थिक उपलब्धिले किन बचाउन सकेन हसिनालाई ?**

राजनीतिमा लोकप्रियता र विकास–उपलब्धिको सम्बन्ध सधैं सीधा हुँदैन । सन् २०२४ सम्म आइपुग्दा बंगलादेशको जीडीपी ५० अर्ब डलर नाघिसकेको थियो । विश्वकै दोस्रो ठूलो गार्मेन्ट निर्यातक बनेकोमा जूट उत्पादन तथा निर्यात सुस्थिर रह्यो । राजधानी ढाकाले दक्षिण एसियामा आधुनिक महानगरको रूप लिन थालेको थियो । शिक्षा, स्वास्थ्य, महिला सशक्तिकरणमा उल्लेखनीय प्रगति गर्नुका साथै गरीबी दर २५ वर्षमा आधाभन्दा बढी घटाउन सफल रह्यो । यस्ता उल्लेखनीय उपलब्धिका बाबजुद सामाजिक असन्तुष्टि भने उल्टो दिशामा बढ्दै गयो । अज्ञात समूहको घुसपैठका कारण जसरी नेपालमा जेन–जेड युवा आन्दोलन छायामय बन्यो, त्यसरी नै बंगलादेशमा पनि छात्र आन्दोलनमाथि कट्टर इस्लामी विचारधाराले बिस्तारै कब्जा गर्न थाल्यो । यसरी, राजनीतिक विरोध, सामाजिक असन्तोष, आर्थिक असमानता जस्ता नकारात्मक उर्जाले अन्ततः हसिना–विरोधी वातावरणलाई सहज बनाइदिए ।

आजको फैसला : न्यायको कठघरामा राजनीति, राजनीतिको कठघरामा न्याय

अब प्रश्न यहीँनेर उठ्छ, हसिनामाथि मृत्युदण्डको फैसला कति सान्दर्भिक छ ? के यो अदालतको स्वतन्त्र निर्णय हो कि सत्ता–परिवर्तनको बदला ?

राजनीतिशास्त्र तथा न्यायशास्त्र दुवैले भन्छन्—

सत्ता परिवर्तनपछि तुरुन्तै सुनाइएका मृत्युदण्डका अधिकांश फैसला विजेताको न्याय (victor's justice) मा आधारित हुन्छन् । अर्थात्, जो सत्तामा छन्, उनीहरूको दृष्टिकोण नै "न्याय"को आधार बनिन्छ । दक्षिण एसियामा यस्ता उदाहरण अनगिन्ती छन् । जस्तै; पाकिस्तानमा जुल्फिकार अली भुट्टोलाई फाँसी, बंगलादेशमै १९७५ पछि मुजिबरको हत्यालाई "वैधानिक" ठहरिएको इतिहास, श्रीलंका र म्यानमारमा सैनिक अदालतका राजनीतिक निर्णय, नेपालमा २०४६ अघि र २०५८ पछि उठेका रहस्यमय मुद्दाहरू । यी सबैले देखाउँछन्— राजनीतिक संक्रमणका बेला न्याय र प्रतिशोधबीचको सीमाना धुम्म हुन्छ ।

**मृत्युदण्ड किन अमानवीय?**

१. मृत्युदण्ड अपरिवर्तनीय हुन्छ । एकपटक कार्यान्वयन भएपछि गलत फैसला सच्याउन सकिँदैन । राजनीतिक मुद्दामा गल्तीको सम्भावना झनै धेरै हुन्छ ।

२. राजनीतिक प्रतिशोध र न्यायको भेद छुट्याउन गाह्रो हुन्छ । सत्ता परिवर्तनको केही समयमै दिइने फाँसी 'कानूनी' देखिए पनि 'वैधानिक' नहुन सक्छ ।

३. मृत्युदण्डले अपराधिक गतिविधि घटाउँछ भन्ने प्रमाण छैन । विश्वका ७० भन्दा बढी देशहरूले मृत्युदण्ड हटाइसकेका छन् । ती देशहरूमा आज पनि अपराध दरमा उस्तै उतारचढाव छ ।

४. सजायका रूपमा फाँसी अक्सर राजनीतिक डर पैदा गर्ने साधन बन्न सक्छ, जुन लोकतन्त्रका लागि घातक हो ।

५. एक वृद्ध महिला पूर्व प्रधानमन्त्रीमाथि फाँसीको सजाय घोषणाले बंगलादेशको नैतिक छवि, मानव अधिकारको प्रतिबद्धता र क्षेत्रीय कूटनीति कमजोर बनाउँछ ।

६. दक्षिण एसियामा मिसलैज र राजनीतिक फाइल–निर्णयको परम्परा छ । त्यसैले, मृत्युदण्ड जस्ता उग्र सजाय राजनीतिक "टुल" बन्ने जोखिम बढी हुन्छ ।

संक्षेपमा, हसिनाको मुद्दा कानूनीभन्दा राजनीतिक अधिक देखिन्छ । त्यसमाथि मृत्युदण्ड मानवीय, नैतिक, कानूनी सबै आयाममा विवादास्पद विषय पनि हो ।

शरणको राजनीति : कमजोरी होइन, अस्तित्वको अन्तिम उपाय

दलाई लामा भारतमै बस्दै आएका छन् । अहमदिया, यजिदी, उइगुर— विश्वभर शरणार्थी जीवन तथा राजनीतिक हिंसाबीच समायोजन गरिरहेका छन् । अन्तर्राष्ट्रिय राजनीतिमा शरण लिने कुरा कुनै नेता तथा बुद्धिजीवीका लागि कमजोरी होइन । कहिलेकाहीँ अस्तित्व बचाउने सबैभन्दा व्यवहारिक निर्णय बनिदिन्छ । हसिनाले पनि त्यही बाटो रोजिन् जुन कदम राजनीतिकभन्दा मानवीय बढी थियो ।

**अन्त्यमा : हसिना पतनको अर्थ— दक्षिण एसियाको भविष्य**

शेख हसिना केवल बंगलादेशकी पूर्व प्रधानमन्त्री मात्र होइनन् । उनी दक्षिण एसियाली स्थिरताको एउटा धरोहर हुन् । साथै, मुस्लिम समाजमा महिला नेतृत्वको असम्भवप्रायः उदाहरण पनि हुन् । भारत–बंगलादेश सम्बन्धको साझा सेतु बनेकी हसिनालाई अमेरिका–चीन–भारत प्रतिस्पर्धाको सन्तुलनकारी आवाजका रूपमा समेत हेरिन्छ । कट्टरपन्थी घुसपैठ विरुद्धको उनको दृढ नेतृत्व तारिफयोग्य छ । त्यसकारण, उनको पतन तथा मृत्युदण्ड केवल एक व्यक्तिको पतन मात्र होइन, दक्षिण एसियाको भू–राजनीतिक पुनः संरचनाको गम्भीर सङ्केत हो ।

हसिनाको राजनैतिक जीवनबाट हामीले यो बुझ्न जरुरी छ कि विकासले मात्र देश स्थिर हुँदैन; सामाजिक सहिष्णुता, न्याय, राजनीतिक मर्यादा र असहमतिप्रति सम्मान पनि उति नै आवश्यक हुन्छ । वास्तवमा, कुनै पनि मुलुकमा कट्टरपन्थ र बाह्य हस्तक्षेप जब सशक्त बन्छ, तब नेतृत्व बलियो भए पनि राष्ट्र कमजोर पर्छ । दक्षिण एसियाले आज यही तीतो वास्तविकताको सामना गरिरहेको छ । बंगलादेश अब कुन दिशातिर जान्छ भन्ने कुरा अदालती निर्णयभन्दा पनि सामाजिक धैर्य र राजनीतिक परिपक्वताले तय गर्ने देखिन्छ ।

